# स्थानीय राजपत्र

अर्जुनचौपारी गाउँपालिका, अर्जुनचौपारीद्वारा प्रकाशित

| खण्ड २ | संख्या १ | मिति ............ |
| --- | --- | --- |

भाग २

अर्जुनचौपारी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम गाउँ कार्यपालिकाबाट जारी भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# अर्जुनचौपारी गाँउपालिकाको ब्याक हो लोडर संचालन सम्बन्धी कार्यविधि,२०७९

गाउँकार्यपालिकाबाट स्वीकृत मिति २०७९/०६/०४

गाँउपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत खरिद भएको ब्याक हो लोडर संचालनलाई व्यवस्थित गर्नका लागि अर्जुनचौपारी गाँउ कार्यपालिकाको निर्णयानुसार यो कार्यविधि स्वीकृत गरी लागु गरिएको छ।

१) **संक्षिप्त नामः**-(१) कार्यविधिको नाम ब्याक हो लोडर संचालन कार्यविधि, २०७९ हुनेछ।

२) **परिभाषाः**- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **गाँउपालिकाः**- भन्नाले अर्जुनचौपारी गाँउपालिका सम्झनु पर्दछ।

(ख) **प्रमुख प्रशासकीय अधिकृतः** भन्नाले गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाँउदछ।

३) **ब्याक हो लोडरको संचालनः**- (१) ब्याक हो लोडरको संचालन तथा व्यवस्थापनको लागि तपशिल बमोजिमको गाँउपालिका अध्यक्षको संयोजकत्वमा एक समितिले गर्नेछ।

| | |
|---|---|
| गाँउपालिका अध्यक्ष | -संयोजक |
| प्रमुख प्रशासकिय अधिकृत | -सदस्य |
| प्राविधिक शाखा प्रमुख | -सदस्य |
| योजना शाखा प्रमुख | -सदस्य |
| वडामा काम गर्दा सम्बन्धित वडाको वडाध्यक्ष | -सदस्य |

४) **ब्याक हो लोडर प्रतिघण्टाको दररेटः** (१) गाँउपालिकाबाट संचालित आयोजना र अन्य निकाय वा व्यक्तिलाई ब्याक हो लोडर उपलब्ध गराउँदा प्रतिघण्टाको दररेट, दररेट निर्धारण समितिले तोके बमोजिम हुनेछ।

(२) दररेट निर्धारण समितिले तोकेको दररेट अनुसुची(१) मा तोकिए बमोजिम हुनेछ।

(३) अन्य निकाय वा व्यक्तिलाई ब्याक हो लोडर उपलब्ध गराउँदा सम्बन्धित पक्षले गाँउपालिकामा के कति घण्टाको लागि आवश्यक परेको हो सो खुलाई निवेदन दिनु पर्नेछ।

(४) उपदफा(३) बमोजिम निवेदन दिए पश्चात प्रतिघण्टाका दरले लाग्ने रकम किटान गरी सो अनुसार रकम लिई उपलब्ध गराइनेछ।

(५) उपदफा(४) बमोजिम उपभोक्ता समितिलाई ब्याक हो लोडर उपलब्ध गराइएकोमा सो वापतको रकम सम्बन्धित उपभोक्ता समितिबाट सम्पन्न गर्ने गरी सम्झौता भई आएका आयोजनाको रकमबाट कट्टा गरी भुक्तानी दिइनेछ।

(६) गाँउपालिका क्षेत्र भित्र बाटो खुलाउने, पहिरो फ्याक्ने र सरसफाई जस्ता कार्यको लागि गाँउपालिका आफैले ब्याक हो लोडर उपलब्ध गराउनेछ। यसरी ब्याक हो लोडर उपलब्ध गराँउदा नियमानुसार कार्यको लागि गठन भएको उपभोक्ता समितिलाई वडाको सिफारिस बमोजिम उपलब्ध गराइनेछ।

(७) वडा क्षेत्र भित्र बाटो खुलाउने, पहिरो फ्याक्ने र सरसफाई जस्ता कार्यको लागि गाँउपालिका आफैले ब्याक हो लोडर उपलब्ध गराउनेछ। यसरी ब्याक हो लोडर उपलब्ध गराँउदा खर्चको साझेदारी (गाँउपालिका र वडा) सम्बन्धी निर्णय संचालन समितिले गर्नेछ।
(८) उपदफा (३) र (४) बमोजिम प्राप्त हुने रकम गाँउपालिकाले छुट्टै कोष खडा गरि राखिनेछ।
(९) उपदफा (७) बमोजिम कोषमा जम्मा भएको रकम ब्याक हो लोडरको मर्मत संभार, अपरेटर,हेल्परको तलब भत्ता तथा नयाँ खरिद लगाएतका कार्यमा खर्च गरिनेछ।

**(५) अपरेटर तथा हेल्परको नियुक्ति र सेवा सुविधा सम्बन्धमाः** (१) ब्याक हो लोडर संचालनार्थ अपरेटर र हेल्परको हकमा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम करार सेवामा नियुक्ति गरिनेछ।
(२) उपदफा (१) बमोजिम सेवा करारमा लिइएका अपरेटर र हेल्परको सेवा सुविधा दररेट निर्धारण समितिले तोके बमोजिम (अनुसूची१)मा उल्लेख भए अनुसार हुनेछ।

**(६) सवारी साधनको लगबुकः** (१) गाँउपालिकामा रहेका सवारी साधनहरुको दैनिक लगबुक अनुसूची (२) मा समावेश गरिएको छ।

**(७) गाँउपालिकाको ब्याक हो लोडर प्रयोग गर्नुपर्नेः**(१) गाँउपालिकाको बजेट मार्फत गाँउ स्तरमा उपभोक्ता समिति मार्फत संचालन हुने आयोजनामा अनिवार्य रूपमा गाँउपालिकाको ब्याक हो लोडर प्रयोग गर्नुपर्ने छ।
(२) उपदफा (१) बमोजिम समय अभाव वा अन्य कुनै कारणले गाँउपालिकाको ब्याक हो लोडर मार्फत काम गर्न नसकिने भएमा मात्र अन्य निकाय वा व्यक्तिको ब्याक हो लोडर मार्फत काम गराउन सकिनेछ।

**(८) विविधः** (१) ब्याक हो लोडरको संचालनमा कुनै किसिमको समस्या आइपरेमा गँउपालिकाको कार्यपालिकाको बैठकको निर्णयानुसार हुनेछ।
(२) ब्याक हो लोडर संचालन गर्ने कार्यलाई व्यवस्थित गर्न गाँउ कार्यपालिकाले आवस्यकता अनुसार छुट्टै समितिको गठन गर्न सक्नेछ

## अनुसूची १

**(ब्याक हो लोडर संचालन सम्बन्धी कार्यविधि, २०७९ को दफा ०४ र ०५ सँग सम्बन्धित)**

१. ब्याक हो लोडर निर्धारण समितिले तोकिएको सेवा सुविधाः-

| सि.नं | विवरण | मासिक तलब रू | भत्ता रू |
|---|---|---|---|
| १ | ब्याक हो लोडर अपरेटर | २५०००।- | १०० प्रति घण्टा |

| | | | |
|---|---|---|---|
| २ | व्याक हो लोडर हेल्पर | १५०००।- | |

२. व्याक हो लोडर प्रति घण्टा दररेटः-

| सि.नं | विवरण | प्रति घण्टा दररेट | कैफियत |
|---|---|---|---|
| १ | गाँउपालिकाबाट संचालित योजनाको हकमा व्याक हो लोडर उपलब्ध गराँउदा | प्रति घण्टा रू १,१००।- | तेल र अपरेटर भत्ता बाहेक |
| २ | गाँउपालिका क्षेत्रभित्र अन्य निकाय तथा ठेक्कापट्टामार्फत संचालित योजनाको हकमा | प्रति घण्टा रू १,३००।- | |

माथि उल्लेखित व्याक हो लोडर दररेटमा लाग्ने ईन्धन, अपरेटर भत्ता लगायत अन्य खर्चहरू प्रयोगकर्ता स्वयमले व्यहोर्नु पर्नेछ।

अनुसूची २

(व्याक हो लोडर संचालन सम्बन्धि कार्यविधि, २०७९ को दफा ०६ को उपदफा(१) संग सम्बन्धित)

अर्जुनचौपारी गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

अर्जुनचौपारी, स्याङ्गजा

व्याक हो लोडर लग बुक

सवारी चालकको नामः-　　　　सवारी साधनको नामः-　　　　सवारी नम्बरः-

| क्र.स | मिति | कामको विवरण | काम गरेको स्थान | ....बजे देखि...बजे सम्म | सुरू मिटर रीडिङ्ग | अन्तिम मिटर रीडिङ्ग सम्म | काम लगाउने प्राविधिक/उ.स/पदाधिकारीको नाम थर | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |